# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## के परमेश्वरले लिङ्गको आधारमा अनन्त इनाम दिनुहुनेछ ?

**कदाचित होइन्!** केही गैर-खीष्टियन धर्महरूमा, तिनीहरूका देवताहरूले निश्चित रूपमा एक व्यक्ति पुरुष वा स्त्री हो भन्ने आधारमा स्वर्गीय आशीर्बाद दिन्छन्। हिन्दु, बौद्ध, मुस्लिम र मोर्मनहरू सबैले अनन्त आनन्दको प्रदान गर्ने कुरामा स्त्रीहरू भन्दा पुरुषहरूलाई धेरै समर्थन गर्छन्। पुरुषहरूले विशाल अनन्त इनामहरू प्राप्त गर्न सक्छन्, तर स्त्रीहरूः पुनर्जन्मको चक्रबाट उम्कन सक्दैनन्, असमान इनामहरू प्राप्त गर्न सक्छन्, पुरूषहरूको यौन आनन्दको लागि मात्र अस्तित्वमा रहेका हुन सक्छन्, अनन्त गर्भवती हुन सक्छन्। खीष्टियन धर्मशास्त्रमा त्यस्तो छैन! पुरूष र स्त्री दुवै परमेश्वरको अनुग्रह र बुद्धिमा आधारित छन्, हाम्रो मानव जीवविज्ञानमा आधारित होइन।

**मुख्य शब्द**

**δοῦλε**

डोलस् *doulos* = slave, servant नोकर, दास

तिनले त्यसलाई भने "स्याबास असल **नोकर**, तँ अति थोरैमा विश्वासी भइस्,

तैँले दश सहरहरूमाथि अधिकार पाउनेछस्।" लूका १९:१७

पुरानो नियमको उत्तराधिकार सम्बन्धी व्यवस्थाले पहिलो जन्मेको (जेष्ठाधिकार) र पुरूष (पितृसत्ता)लाई समर्थन गर्थे। दोस्रो जन्मेको वा तेस्रो जन्मेका छोराहरू र कुनै पनि स्त्रीहरूले उल्लेखनीय रूपमा कम उत्तराधिकार पाउँथे। पहिलो जन्मेको छोराले ठूलो आशिषु, सम्मान र धन पाउँथे। यो अवधारणाले परमेश्वरको अनन्त इनाम प्रणालीलाई प्रतिबिम्बित गर्दैन भनेर हामी कसरी जान्दछौं ? किनभने येशू आउनुभयो र यी सबै कुराहरू स्पष्ट पार्नुभयो। डाँडाको उपदेशमा (मत्ती ५–७), येशूले आफ्ना सबै श्रोताहरूलाई, पुरूष र स्त्री दुवै (धार्मिक कामहरू गर्ने, सेवा गर्ने, गुप्तमा उपवास बस्ने, दान दिने, सतावटमा पर्नेहरूका लागि) र जसले आफ्ना इनाम पाइसकेका छन् ("देखेका" र सार्वजनिक रूपमा स्वीकार गरिसकेका छन्।) लाई इनाम दिनुहुन्छ भनेर व्याख्या गर्नुभयो। येशूले सिकाउनुभयो कि परमेश्वरले गोप्य ठाउँमा गरिएको कामहरू देख्नुहुन्छ (मत्ती ६:४, ६, १८), जुन कुरा १ शमूएल १६:७ सँग मिल्दोजुल्दो छ, "मानिसहरूले बाहिरी रूप हेरेर बिचार गर्छ, तर परमप्रभुले हृदय हेरेर बिचार गर्नुहुन्छ।"

येशूले आशिषको सामान्य धारणालाई नाटकीय रूपमा चुनौती दिनुभयो। लुका ११:२७ मा, एउटी स्त्रीले चिच्च्याएर भनी, "धन्य त्यो नारी जसले तपाईंलाई गर्भधारण गरिन् र आफ्नो दुध खुवाइन्।" यो विशिष्ट आशीर्वादले कसरी यहूदी स्त्रीहरूलाई एक असल छोरा वा पति भएकोमा सम्मान गरिन्छ भनेर प्रकट गर्दछ।

तथापि, येशूले अनन्त सत्यताको साथ जवाफ दिनुभयो "बरू तिनीहरू धन्य हुन, जसले परमेश्वरको वचन सुन्छन् र पालन गर्छन्।" कसले वचन सुन्न सक्छ? कसले पालन गर्न सक्छ? को धन्यको हुन सक्छ?

जो कोही पनि! इनाम र आशिष् आज्ञापालनमा आधारित हुन्छन्, जुन स्त्री र पुरूषले गर्न सक्छन्। हामी सम्भावित समान उत्तराधिकारी हौं !

**तपाईंको वर्तमान अवधारणा**

"स्याबास, असल र विश्वासी नोकर!..." (मत्ती २५:२१) उहाँका आज्ञाकारी नोकरहरूको लागि परमेश्वरले गर्नुभएको प्रशंसा सुन्दा हाम्रो मनमा को आउँछ? यो प्रशंसा पुरूषहरूले मात्र सुनिरहेको हुनेछ भनेर परिकल्पना गर्नुहुन्छ? के परमेश्वरले एक असल र विश्वासी स्त्रीलाई पाँच वा दश सहरको जिम्मा दिनुहुनेछ (लूका १९)? तपाईंको मनमा, स्वर्गमा नारीहरूलाई कहाँ पाउनुहुनेछ? के तिनीहरू पछाडिको कुनामा भुन्डिएका हुनेछन्? के तिनीहरूले आफूलाई अगाडि धकेलिरहेको हुनेछन्? के तिनीहरू अनन्तको लागि पुरूषहरूको सेवा गर्न वरपर दौडिरहेका हुनेछन् वा तिनीहरूको विश्वासयोग्य आज्ञाकारिताको स्तरको आधारमा येशूद्वारा सम्मानित तथा पुरस्कृत हुनेछन्? सेलाह।

## परमेश्वरले आज्ञाकारितामा आधारित पुरस्कार दिनुहुन्छ, जीवविज्ञानको आधारमा होइन।

## निष्कर्ष

तपाईंको दर्शनमा अनन्तताको परिवारलाई ठीक गर्नुहोस्। येशूले उहाँको दुलहीको हृदय जान्नुहुन्छ। उहाँलाई तपाईंको आज्ञाकारिताको हृदय थाहा छ किनकि उहाँको दृष्टि 'उहाँप्रति भक्त रहनेहरूलाई साहयता दिन सारा पृथ्वीभरि नै रहिरहन्छ '(२ इतिहास १६:९)। पुरूष र स्त्रीहरू, परमेश्वरको उपस्थितिमा खडा हुनेछन्, नम्रतापूर्वक उहाँको वचन सुनेको र विश्वासयोग्य भई पालन गरेको आधारमा आशिष् पाउनेछन्।

**४ महत्वपूर्ण प्रश्नहरू**

- ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?
- ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?
- ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
- ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?